निर्णयहरु :

१. यस अघि बसेको कार्यालय प्रमुख बैठकको निर्णय कार्यान्वयन बारे समिक्षा गरियो।

२. गृह मन्त्रालय, विपद् अध्ययन जोखिम न्यूनीकरण तथा पूनर्लाभ शाखा सिंहदरवार, काठमाडौंको च.नं.०९ मिति २०८२।०४।०४ को प्राप्त पत्रानुसार संघीय संसद, प्रतिनिधि सभा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको च.नं. २५५, मिति २०८२।०३।१८ को पत्रमार्फत उक्त समितिको मिति २०८२।०३।१२ गते बसेको बैठकको निर्णयहरु कार्यान्वयनका सन्दर्भमा देहाय बमोजिम गर्ने, गराउने।-

- वर्षायाममा बाढी, पहिरो, डुबान लगायतका मौसमजन्य उच्च जोखिममा रहेका क्षेत्रहरु पहिचान गरी जोखिम क्षेत्रमा बसोबास गर्ने मानिसहरुको सुरक्षित स्थानान्तरण, प्रभावकारी उद्धार तथा राहत व्यवस्थापनमा सरोकारवाला निकायहरुले समन्वयात्मक रुपमा कार्य गर्ने ।
- विगतका वर्षहरुमा भएको विपद्को मूल्याङ्कन गरी सिकाइका आधारमा प्रभावकारी जोखिम नियन्त्रण, न्यूनीकरण तथा उद्धारका कार्यहरु समयमै गर्न सक्ने गरी पूर्व तयारीमा रहने ।
- विपद् जोखिम न्यूनीकरणका लागि पूर्व तयारी र सूचना प्रणाली सुदृढ गरी समन्वित रुपमा कार्य सम्पादन गर्न तथा उद्धार कार्यका लागि सम्बन्धित निकायले आवश्यक पर्ने तालिम प्राप्त जनशक्ति, डोजर, स्काभेटर जस्ता उपकरणहरुको समयमै जोहो गरी तयारी अवस्थामा रही जनताको जिउधनको रक्षा तथा अमनचयन कायम हुन सक्ने वातावरणको निर्माण गर्ने ।
- प्राकृतिक प्रकोपबाट क्षतिको सहि पहिचान गरी उद्धार तथा राहत वितरण कार्यमा पीडित व्यक्ति प्रत्यक्ष लाभान्वित हुने गरी वितरण प्रणालीमा एकद्धार नीति लागू गर्न र राहत तत्काल उपलब्ध हुने गरी आवश्यक प्रबन्ध मिलाउने ।

३. राष्ट्रिय सतर्कता केन्द्रको च.नं. ११०००००३४, मिति २०८२/३/२७ को पत्रसाथ संलग्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं भ.नि./५२१/७३६१, मिति २०८२/०३/२२ को पत्र तथा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं.६, टंगालको प.सं.६/२०८१-८२ (सम्पत्ति विवरण) चलानी नं. ६३२८० मिति २०८२/०३/१५ को पत्रानुसार विगत आर्थिक वर्षहरु २०७८/७९, २०७९/८० र २०८०/८१ मा तोकिएको समयमा सम्पत्ति विवरण नबुझाउने पदाधिकारी/कर्मचारीहरुले प्रत्येक आ.ब. को रु.५,०००/- (पाँच हजार) का दरले जरिवाना दाखिला गरे/नगरेको र ३० दिनभित्र सम्पत्ति विवरण सम्बन्धित निकायमा पेश गरे/नगरेको यकिन गरी जरिवाना र सम्पत्ति विवरण नबुझाएका पदाधिकारी/कर्मचारीहरुलाई ताकेता गरी जरिवाना असूल र सम्पत्ति विवरण दाखिला गर्ने व्यवस्था गर्नु हुन भन्ने व्यहोरा उल्लेख भई आएकोले सो को यथाशिघ्र कार्यान्वयन गरी गराई कार्यान्वयनको जानकारी अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. ६, टंगाल तथा राष्ट्रिय सतर्कता केन्द्रमा पठाई यस मन्त्रालयलाई समेत जानकारी गराउनु हुन भनी गृह मन्त्रालय सिंहदरवार काठमाडौंको च.नं.२४७८ मिति २०८२।३।३२ को पत्रबाट लेखी आएको व्यहोरा बैठकमा अवगत भई प्राप्त निर्देशानुसार कार्यान्वयन गर्ने, गराउने ।

२०८२/५/०५

प्रमुख जिल्ला अधिकारी

४. राष्ट्रिय सूचना आयोगको च.नं.४७३ मिति २०८२।०३।२५ को पत्रानुसार सूचना आयोगबाट आगामी भाद्र ३ गते राष्ट्रिय सूचना दिवसको अवसरमा सार्वजनिक निकायमा कार्यरत सूचना अधिकारी मध्येबाट छनौट भएका सूचना अधिकारीहरुलाई "उत्कृष्ट सूचना अधिकारी पुरस्कार"बाट पुरस्कृत गरिने सम्बन्धी व्यहोरा उल्लेख भई आएको हुँदा उक्त सूचना र फारम तहाँ अन्तर्गतका कार्यालयहरुलाई जानकारी गराई सूचना अधिकारीको नाम सिफारिस गरी राष्ट्रिय सूचना आयोगमा पठाई सो को जानकारी यस मन्त्रालयमा पठाउनु हुन भनी गृह मन्त्रालयको च.नं.०८ मिति २०८२।०४।०२ को पत्रबाट लेखी आएको तथा राष्ट्रिय सूचना आयोगको च.नं.४७३ मिति २०८२।०३।२५ को पत्रबाट २०८२।०३।२४ मा प्रकाशित सूचना अनुसार ३० दिन भित्र आयोगमा आइपुग्ने गरी कार्यालय प्रमुखले सिफारिस गरी पठाउनु हुन भनी लेखी आएकोले सोही बमोजिम गर्ने।

५. गृह मन्त्रालय, सिंहदरवार, काठमाडौंको च.नं.२४६७ मिति २०८२।०३।३० को निजामती सेवा पुरस्कार सिफारिस सम्बन्धी पत्र बैठकमा जानकारी भयो ।

६. मनसुनको समय शुरु भइसकेको हुँदा मनसुनजन्य विपद् लाई मध्यनजर राखी जिल्ला स्थित कार्यालय प्रमुख एवं विपद् फोकल पर्सनले जिल्ला नछाड्ने । अति आवश्यक कामले जिल्ला छाड्नै परे प्रमुख जिल्ला अधिकारीसँग अनिवार्य समन्वय गर्ने/जानकारी गराउने ।

७. कोभिड विरुद्धको खोपका लागि सबै स्थानीय तहले प्रतिवद्धता सहित स्वास्थ्य कार्यालय मोरङ मार्फत कोभिड खोपको डोज माग गर्ने।

८. डेंगुको संक्रमण नियन्त्रणका लागि सबै स्थानीय तह, स्वास्थ्य कार्यालयले स्थानीय प्रशासनको सहयोगमा लामखुट्टेको लार्भा नष्ट देखी अन्य उपचारात्मक विधि अपनाउने ।

९. जिल्ला प्रशासन कार्यालय मोरङको आ.व.२०८१/०८२ को प्रगति विवरण सम्बन्धी तयार गरिएको बार्षिक प्रतिवेदन तथा सूचनाको हक एवं नियमावली बमोजिम आ.व.२०८१/०८२ को चौथो त्रैमासिक (२०८२ वैशाख देखी असार मसान्तसम्म) को स्वत: प्रकाशन (Proactive Disclosure) बारे बैठकमा जानकारी भयो । अन्य कार्यालयहरुले समेत आ-आफ्नो कार्यालयको चौथो त्रैमासिक स्वत: प्रकाशन तथा बार्षिक प्रतिवेदन समयमै तयार गरी सार्वजनिक गर्ने ।

२०८२/५/०८
प्रमुख जिल्ला अधिकारी